‘अहिले पर्याप्त कानुनको अभावमा संघ, प्रदेश र स्थानीय तहको अधिकारबारे अन्योल देखिएको छ।’



ललितपुरको ताम्रकार कुलदेवता उग्रचण्डी मन्दिरमा सामूहिक इँही (बेल विवाह) समारोहमा सहभागी हुँदै बालिकाहरू। नेवार समुदायका बौद्ध तथा हिन्दु धर्मालम्बीले छोरीलाई बेलसँग विवाह गरी बुबाले कन्यादान गर्ने चलन रहेको छ। तस्वीर : उजोल डंगोल/काठमाडौं

# ‘सभामुख-उपसभामुख फेर्ने बहसको विषय नै होइन’

नरेन्द्र केसी, घोराही, दाङ

सभामुख कृष्णबहादुर महराले सभामुख र उपसभामुख एउटै दलका भएकाले परिवर्तन गर्नुपर्ने प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसको मतमा बहस हुन नसक्ने बताउनुभएको छ।

आफ्नो निर्वाचन क्षेत्र दाङ पुग्नुभएका महराले नेपाल पत्रकार महासंघ दाङले गरेको पत्रकार भेटघाटमा उहाँले यस्तो धारणा राख्नुभएको थियो। ‘हामी उम्मेद्वार हुँदा कुनै दलका सदस्य थियौं तर पदमा निर्वाचित भइसकेपछि पार्टीको जिम्मेवारी मात्र होइन, साधारण सदस्यतासमेत परित्याग गरिसकेका छौं’, उहाँले भन्नुभयो- ‘आम नागरिकको हैसियतमा हामी सभामुख र उपसभामुखको जिम्मेवारीमा छौं, अब सभामुख र उपसभामुख कुन दलको भन्ने छलफलको विषय नै होइन।’

उहाँले संघीयता कार्यान्वायनमा देखिएको अलमल बढीमा १/२ वर्षभित्र अन्त्य हुने बताउनुभयो। संघीयता संविधानतः कार्यान्वायनमा आए पनि केही व्यवहारिक कठिनाइ देखिएको भन्दै उहाँले आवश्यक सबै कानुन बनाएर संघीयता कार्यान्वायनको अलमल सकेजति चाँडो अन्त्य गर्ने बताउनुभयो।

‘अहिले पर्याप्त कानुनको अभावमा संघ, प्रदेश र स्थानीय तहको अधिकारबारे अन्योल देखिएको छ’, उहाँले भन्नुभयो- ‘यसले संघीयता कार्यान्वायनमा समेत अलमल देखिएको छ। संविधानअनुसार ऐन बनाएर संघीयताको पूर्ण कार्यान्वायन गर्नु अहिलेको कार्यभार हो।’ स्थानीय तहको संरचना गत वर्षदेखि नै कामकाजमा आए पनि प्रदेश संरचना यो वर्षदेखि मात्र कामकाजका आएकाले पनि केही अलमलजस्तो देखिएको तर यो धेरै दिन नरहने उहाँले बताउनुभयो।

अर्को प्रसंगमा उहाँले बजेटले संघीयता कार्यान्वायनको दिशा दिन खोजेको बताउनुभयो। सांसदले बजेटको विरोध गरिरहेका बेला उहाँले बजेटको आकार र रकममा बहस हुनु स्वाभाविक भए पनि नीतिगतरूपमा यसले संघीयता कार्यान्वायनको आधार दिएको बताउनुभयो। बजेट पारित भइनसकेकाले यो संशोधन पनि हुनसक्ने उहाँले बताउनुभयो।

अहिले सरकारले राष्ट्रियरूपमा आत्मनिर्भरता र अन्तरराष्ट्रियरूपमा सन्तुलित सम्बन्ध कायम गर्न खोजेको पनि उहाँले बताउनुभयो। प्रधानमन्त्रीको भारत र चीन भ्रमणले यसका लागि आधार तयार पारेको उल्लेख गर्दै उहाँले अन्तर्राष्ट्रिय समुदायसँग सन्तुलित सम्बन्ध कायम गरेर सहयोग भित्र्याउने र त्यसलाई जनताको समृद्धिसँग जोडेर लैजाने राज्यको नीति भएको बताउनुभयो।

दाङ उपत्यकाको उत्तरपूर्वी गाउँ पर्यटन विकासका दृष्टिले महत्त्वपूर्ण रहेको औंल्याउँदै उहाँले अब मदन भण्डारी राजमार्गलाई पर्यटन प्रवर्द्धनसँग जोड्नुपर्ने बताउनुभयो। अब हरेक पालिका केन्द्रबाट वडा केन्द्रसम्म सडक कालोपत्रे गर्ने गरी स्थानीय तहले योजना बनाउनुपर्ने उहाँले बताउनुभयो। गाउँमा राम्रो सडक, सञ्चार र विद्युत् पुगेर मात्र विकास नहुने उल्लेख गर्दै सभामुख महराले त्यसलाई प्रयोग गर्नसक्ने जनताको आयस्तर पनि हुनुपर्ने र त्यसका लागि हरेक गाउँमा उत्पादनका अभियान चलाउनुपर्ने बताउनुभयो।

## समाचार संक्षेप

### अस्पतालको विशेष निगरानीमा भट्टराई

काठमाडौं, (नेस)

मस्तिष्कघात भएपछि नर्भिक अस्पतालमा भर्ना हुनु भएका नेपाली कांग्रेसका नेता मनमोहन भट्टराईको उच्च निगरानीका साथ उपचार भइरहेको छ।

स्वास्थ्यमा खासै सुधार आउन नसकेपछि विशेष निगरानीका साथ उपचार जारी रहेको भट्टराईको पारिवारिक स्रोतले जनाएको छ। नेता भट्टराई गत साता अस्पताल भर्ना हुनुभएको थियो। डा. राजेन्द्र अग्रवालगायतको चिकित्सक टोली उहाँको विशेष उपचारका लागि खटिएको छ। भट्टराईको मृगौलामा समेत समस्या देखिएपछि उपचारमा निगरानी बढाइएको अस्पतालले जनाएको छ। नेता भट्टराई नियमित स्वास्थ्य परीक्षणका लागि २ महिनाअघि भारत पुग्नुभएको थियो। सो बेला उहाँको स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ।

### १५ वर्षपछि फरार अभियुक्त पक्राउ

इलाम, (नेस)

कर्तव्य ज्यान मुद्धाका फरार अभियुक्तलाई इलाम प्रहरीले १५ वर्षपछि पाँचथरबाट पक्राउ गरेको छ। पक्राउ पर्नेमा इलाम माइजोगमाई गाउँपालिका वडा नम्बर ३ का ४० वर्षीय खड्गबहादुर पुलामी मगर रहेका छन्। उनलाई पाँचथरको फालेलुङ गाउँपालिका वडा नम्बर २ बाट पक्राउ गरिएको हो।

२०६४ साल पुष १४ गते साविक नयाँबजार गाविस वडा नम्बर ५ को जंगलमा भरुवा बन्दुकले शिकार खेल्ने क्रममा साविक नामसालिङ गाविस वडा नम्बर १ बस्ने १४ वर्षीय बालकलाई गोलीको छर्राले लागेर गम्भीर घाइते भएका थिए। उनको उपचारको क्रममा मृत्यु भएको थियो। बालकको मृत्यु भएपछि पुलामी फरार थिए।

लामो समयदेखि फरार रहेर लुकीछिपी बस्दै आएका पुलामीलाई विशेष सुराकीका आधारमा इलामस्थित इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट गएको टोलीले पाँचथर जिल्लाबाट पक्राउ गर्न सफल भएको हो। पक्राउ परेका मगरलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय पशुपतिनगर पुऱ्याइएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

### मुस्लिम महिलालाई तालिम

विराटनगर, (नेस)

बालविवाह र बहुविवाह न्यूनीकरण गर्ने उद्देश्यले विराटनगरका मुस्लिम महिलालाई २ दिने सचेतना तालिम दिइएको छ। विराटनगर महानगरपालिकाको सहयोग र अल आमना मुस्लिम महिला नेपालको आयोजनामा विराटनगरका विभिन्न वडाका मुस्लिम महिलालाई सचेतना तालिम दिइएको हो।

# पेसागत मर्यादामा रहेर काम गर्न आग्रह

काठमाडौं, (नेस)

विवादमा पर्दै आएका रवि लामेछानेलाई पेशागत मर्यादामा रहेर काम गर्न प्रेस काउन्सिल नेपालले निर्देशन दिएको छ। काउन्सिलद्वारा बिहीबार सार्वजनिक महत्त्वको प्रेस विज्ञप्ति जारी गरी यस्तो निर्देशन दिएको हो।

काउन्सिलका अनुसार विगत ४ वर्षदेखि नेपालको अध्यागमन कानुन, श्रम कानुन, प्रेस कानुन उल्लंघन गर्दै आउनुभएका रवि लामिछानेमाथि आवश्यक कारबाही गरियोस् भनी केही महिनाअघि २ वटा उजुरी परेको थियो। सर्वसाधारणबाट परेका ती उजुरीबारे छानबिन गर्ने क्रममा सोधिएको विषयलाई लिएर लामिछानेले सामाजिक सञ्जालमार्फत् अशीष्ट, अपुष्ट र आपत्तिजनक टिप्पणी पोष्ट गरेपछि काउन्सिलले उहाँको नेपाल बसाइ र यहाँ रहँदा काम गर्ने वैधता सम्बन्धमा आधिकारिक निकायसँग जानकारी माग गरेको थियो।

उजुरीमाथि छानबिन गर्ने क्रममा यही असार ६ गते लामिछानेले अमेरिकी राहदानी र नागरिकता परित्यागसम्बन्धी निवेदन दिएको जानकारी गृहमन्त्रालयबाट बिहीबार काउन्सिलमा प्राप्त भएको काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सूचना अधिकारी दीपक खनालको नामबाट बिहीबार जारी उक्त विज्ञप्तिमा उल्लेख गरिएको छ।

विज्ञप्तीमा थप भनिएको छ- ‘न्यूज २४ मा कार्यरत रहँदाका बखत उहाँद्वारा प्रसारित कार्यक्रमबारे परेका २ वटा उजुरीको छानबिनका क्रममा २०७४ चैत २३ गते स्पष्टीकरण सोधिँदा उहाँले आफू विदेशी नागरिक नभएको, पत्रकार पनि नरहेको र श्रम इजाजत लिएको भ्रूठो दाबीसहित प्रेस काउन्सिललाई २०७५ वैशाख ६ गते लिखित जवाफ दिनुभएको थियो।’

नेपालमै रही सञ्चारसम्बद्ध पेशा व्यवसायमा संलग्न हुने उहाँको व्यक्तिगत रुचिको कदर गर्दै प्रेस काउन्सिल नेपालले उहाँलाई सार्वभौम राष्ट्रको प्रचलित नियम, कानुन, विधि, प्रक्रियाको पूर्ण परिपालना गर्न, पेशागत मर्यादामा ध्यान दिन तथा आफ्ना लेखाइ वा प्रस्तुतिमा शिष्टता, जिम्मेवारीबोध र पेशागत शुद्धताको ख्याल गर्दै विद्युतीय कारोबार ऐनलगायत तत्सम्बन्धी प्रचलित अन्य कानुनको समेत उल्लंघन नहुने कुरामा ध्यान पुऱ्याउन निर्देशनसमेत दिएको छ।

# कांग्रेस सभापति भेला एक दिन थप

हेटौंडा, (नेस)

३ दिनका लागि तोकिएको नेपाली कांग्रेसका जिल्ला सभापतिको चौथो राष्ट्रिय हेटौंडा भेला १ दिन लम्बिने भएको छ।

मंगलबार उद्घाटन समारोहपछि टुंगिएको भेलामा बुधबार र बिहीबार बन्दसत्रमा ७७ जिल्लाका सभापतिले आफ्ना धारणा मात्र भ्याएपछि छलफल र जवाफका लागि समय नपुगेका कारण भेला १ दिनपछि शुक्रबारसम्मका लागि थपिएको हो।

केन्द्रीय समितिले १ दिन समय थपेर आज शुक्रबारे भेला समापन गर्दैछ। भेलाको समापनमा जिल्ला सभापतिबाट प्रस्तावना वा धारणापत्र र केन्द्रीय समितिले घोषणापत्र जारी गर्ने तयारी रहेको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्ला सभापतिले प्रस्तावना वा धारणापत्रका लागि तयारी गरिरहेको र केन्द्रीय समितिले छलफलपछि घोषणापत्र जारी गर्नेछ।

केही जिल्ला सभापति र पौडेल पक्षले हेटौंडा घोषणापत्र जारी गर्दै पार्टी नेतृत्वलाई आत्मालोचना गर्न लगाउने र हारको जिम्मेवारी लिन लगाएर मात्र छाड्ने मनस्थितिमा रहेको एक जिल्ला सभापतिले बताए।

जिल्ला सभापतिको भेलामा पार्टी सभापति शेरबहादुर देउवाको चर्को आलोचना हुने क्रम बिहीबार पनि जारी रह्यो। भेलालाई निश्कर्षविहीन बनाउने संस्थापन पक्षको तयारी रहेको जिल्ला सभापतिले आरोप लगाए। उनीहरूले भेलाको निश्कर्षलाई मार्गदर्शन बनाउने भन्दा पनि औपचारिक जमघटमा सीमित गर्ने प्रयास भएको भन्दै आक्रोस पोखेका छन्।

कांग्रेस जिल्ला सभापतिहरूको राष्ट्रिय भेला उद्घाटन समारोहमा शीर्ष नेताबाट शुरू भएको नेतृत्वपंक्ति एकबद्ध हुनुपर्ने सवालले नै प्राथमिकता पाएको छ। बिहीबारसम्म सबै ७७ जिल्ला सभापतिले आफ्ना धारणा राख्दा अधिकांशले केन्द्रीय नेतृत्वपंक्ति एकबद्ध भए पार्टी बलियो हुने धारणा राखेका थिए।

# गाँजा फँडानीमा प्रहरी सक्रिय

अमृत अर्याल, स्याङ्जा

जिल्ला प्रहरी कार्यालय स्याङ्जा र वडा प्रहरी कार्यालय वालिङले जिल्लाका विभिन्न क्षेत्रमा गाँजा फँडानीलाई सक्रियता देखाएको छ। लागूऔषधविरुद्धको सचेतना कार्यक्रम अन्तर्गत प्रहरीले अवैधरूपले पालिराखेका गाँजाका बोट नष्ट गर्ने अभियान चलाएको हो।

लागूऔषध दुरूपयोग तथा ओसापसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालयले विभिन्न सचेतना कार्यक्रमँसगै गाँजा फँडानी शुरू गरेको हो। प्रहरीले जिल्लाका चापाकोट, चिलाउनेबास, अर्जुनचौपारी, पञ्चमुल र फेदीखोलाका क्षेत्रमा रहेका करिब ४ सय गाँजाका बोट नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता प्रकाश विष्टले जानकारी दिनुभयो।

यो अभियानलाई निरन्तरता दिने प्रहरीले जनाएको छ। लागूऔषध ओसापसारले विभिन्न आपराधिक क्रियाकलाप घट्ने विषयलाई मध्यनजर गरेर प्रहरीले आफ्नो सक्रियता बढाएको छ। यता लागूऔषध दुरूपयोग एवं ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवस वडा प्रहरी कार्यालय वालिङले विभिन्न पर्चा पम्पलेटसहितको ऱ्याली निकालेर सचेतना जगाएको छ। जनप्रतिनिधि, टोल समिति, आमा समूह, पत्रकार, नागरिक समाज, उद्योगी व्यवसायीलगायतको सहभागितामा वडा प्रहरी कार्यालय वालिङको प्रांगणबाट शुरू भएको ऱ्याली विभिन्न ठाँउमा सचेतना गर्दै भकुन्डेमा कोणसभामा परिणत भएको थियो।

कोणसभालाई सम्बोधन गर्दै वालिङ नगरपालिका उपप्रमुख कल्पना तिवारीले लागूऔषध सेवन गर्नु र ओसापसार गर्नु जघन्य अपराध भएको उल्लेख गर्दै सबै अभिभावकलाई सचेत रहन आग्रह गर्नुभयो। वडाअध्यक्ष अनन्तराज गैह्लेले पछिल्लो समय वालिङ लागूऔषधको ओसापसारको ट्रान्जिट प्वाइन्ट वालिङ भएकाले वालिङबासी र प्रहरी मिलेर न्यूनीकरण अभियानमा लाग्नुपर्ने बताउनुभयो। साताव्यापी मनाउने यो अभियानलाई टोल-टोलमा प्रहरी भन्ने नारासहित सबै क्षेत्रमा यो अभियान पुऱ्याएर नागरिक सचेतना गर्ने कार्यक्रम रहेको वडा प्रहरी कार्यालयका प्रमुख शंकर आचार्यले बताउनुभयो।

## चिनियाँ...

नेपाल भ्रमण वर्ष २०२० लाई प्रबर्द्धन गर्न बिहीबार बेजिङमा ‘नेपाल-चीन मैत्री दौड’ आयोजना गरिएको थियो। सो कार्यक्रममा प्रधानमन्त्री ओलीसहित चिनियाँ विशिष्ट अधिकारी पनि सहभागी रहनुभएको बेइजिङस्थित नेपाली दूतावासले जनाएको छ।

यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीलाई चीन सरकारले सम्मान गारथ (गार्ड अफ अनर) प्रदान गरेको छ। ग्रेट हल अफ पिपलमा आयोजित सो सम्मानमा ओलीका समकक्षी ली समेत उपस्थित हुनुहुन्थ्यो। ओलीले बिहीबार चिनियाँ जनकंग्रेस स्थायी समितिका अध्यक्ष ली भाङसुसहित अन्य नेतासँग राजनैतिक भेटवार्ता गर्नुभएको थियो।

बइेजिङमा भएको महत्त्वपूर्ण सम्भौता र उच्चस्तरीय भेटवार्तापछि प्रधानमन्त्री ओलीसहितको टोली आज शुक्रबार तिब्बतको ल्हासा प्रस्थान गर्नेछ। नेपाली टोलीले तिब्बतका विभिन्न परियोजनाको स्थलगत अवलोकन गर्नेछ भने प्रधानमन्त्री ओली त्यहाँ पनि उच्चस्तरीय भेटवार्तामा व्यस्त रहने बताइएको छ।

## अस्तव्यस्त...

देउवाको राजीनामा पछि बनेको ओली सरकारले १८ लाई अनुमोदन गरेको थियो भने पछि ३ मन्त्रालय थपिएका थिए। यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ३१ मन्त्रालय थिए। निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले सहायक मन्त्रीसहित ६४ जनाको मन्त्रिपरिषद् बनाउनुभएको थियो।

नेपालको संविधानले २५ भन्दा बढी मन्त्री बनाउन नपाउने व्यवस्था गरेपछि मन्त्रालय गाभिएका छन्। हिजोका दिनमा अधिकार क्षेत्रको विवादले कुन विभाग वा संस्थान कुन मन्त्रालयको मातहतमा रहने भन्ने पनि विवाद हुँदै आएको थियो। मन्त्रीहरू पनि अधिकार र आफूले भनेजस्तो विभाग र संस्थान नपाएको भन्दै गुनासो गर्ने गरेका थिए। वर्तमान सरकारमा प्रधानमन्त्री, २ उपप्रधानमन्त्रीसहित २१ मन्त्री र ३ राज्यमन्त्री छन्। मन्त्रालय गाभिएपछि मन्त्रालयमा भएका सचिवहरू पनि अलपत्र परेका छन्। कतिपय मन्त्रालयमा ३-४ जना सचिवसमेत छन्।

तर प्रदेश तहमा भने अझै पनि कर्मचारी नपुगेको गुनासो छ। शहरी विकास मन्त्रालयअन्तर्गत सिंहदरबारभित्रै रहेको सिंहदरबार सचिवालय पुनर्निर्माण समितिले सिंहदरबारभित्र भवन निर्माण र व्यवस्थापनको काम गर्दै आएको छ।

सचिवालयका प्रशासकीय अधिकृत रामप्रसाद बेल्वासेले सिंहदरबारलाई कस्तो बनाउने भन्ने दीर्घकालीन गुरुयोजनाअनुसार काम गर्दै आएको बताउनुभएको छ। ‘केही काम तत्कालै गर्नुपरे बेग्लै योजना बनाइन्छ, नभए जुन लक्ष्य छ त्यहीअनुसार जाने योजना हो’ -बेल्बासेले भन्नुभयो।

सचिवालयले केही समय अघिमात्र सचिवालय भवन, महिला मन्त्रालय तथा अन्य भवनमा तला थप गरेको छ। शेरबहादुर देउवाको अघिल्लो नेतृत्वमा उर्जा, सिँचाइ र यूवा तथा खेलकुद मन्त्रालय एउटै भवनमा थिए। भागवण्डा नपुगेपछि पहिलेको जलस्रोत मन्त्रालयलाई फुटाएर उर्जा र सिँचाइ मन्त्रालय बनाइएको थियो, अहिले उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय रहेको छ। सामान्य प्रशासन र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई गाभेर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बनाइएको छ।

यो मन्त्रालयका काम २ वटा भवनबाट हुने गरेको छ। सामान्य प्रशासनको काम पुरानो सामान्य प्रशासन मन्त्रालयबाटै भएको छ भने स्थानीयको काम उही पुरानो मन्त्रालयबाट हुँदै आएको छ। मन्त्री स्थानीय विकास मन्त्रालयमै बस्दै आउनुभएको छ। सामान्यमा महान्यायाधिवक्ताको कार्यालय राखिएको छ।

संसद् सचिवालयका प्रशासन महाशाखाका सह-सचिव सुरजकुमार दुराले स्थानीय विकास मन्त्रालय सामान्यमा सरे सचिवालयलाई स्थानीयको भवन प्रयोग गर्ने बताउनुभयो।

प्रतिनिधिसभामा ५ वटा दलले मात्र राष्ट्रिय पार्टीको मान्यता पाएका छन्। सचिवालयले नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी (केन्द्र) लाई पुरानै दलको कार्यालय छुट्याइदिएको थियो। एमाले र माओवादी केन्द्रबीच जेठ ३ गते पार्टी एकता भएपछि बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले संघीय संसदीय दलको कार्यालय पाएको छैन।

नेकपाका प्रमुख सचेतक देवप्रसाद गुरुङ माओवादी दलकै कार्यालयमा र सचेतक शान्ता चौधरी नेकपा एमालेको दलकै कार्यालयमा रहनुभएको छ। पुरानो एमालेको दलको कार्यालयमा गुरुङको नेम प्लेट छैन। एमालेकै दलमा संसदीय दलका नेता केपी शर्मा ओली र चौधरीको नेम प्लेट नेकपा पार्टीको नाममा रहेको छ। प्रमुख नेताहरूबीच सहमति भएको भन्दै ओलीले आफू दलको नेता भएको घोषणा गर्नुभएको थियो।

यतिबेलासम्म संसद् बैठक बसेको नै थिएन, सबै सांसद काठमाडौं आइपुगेका पनि थिएनन्। नेकपाका उपनेता सुवासचन्द्र नेम्वाङको नेम प्लेट पनि एमाले दलमै छ।

एमालेले प्रमुख सचेतक खगराज अधिकारी छानेर उहाँले जिम्मेवारी पनि लिइसक्नुभएको थियो तर पार्टी एकतापछि अधिकारीको पद गुमेको छ। पार्टी एक भए पनि बेलामौका काम विशेषमा केही माओवादी केन्द्रका सांसदहरू एमाले दलमा आए पनि एमाले सांसदहरू भने माओवादी दलमा खासै जाने गरेका छैनन्। दैलेख-१ बाट निर्वाचित प्रतिनिधिसभाका नेकपा सांसद रविन्द्रराज शर्माले दल व्यवस्थापन चुनौती बन्दै गएको प्रतिक्रिया दिनुभयो। ‘प्रमुख सचेतक र सचेतक एकै ठाउँमा रहँदा पो हामीलाई केही भन्न सजिलो हुन्छ तर अहिले यता न उता भयो’ शर्माले भन्नुभयो- ‘एकता भएजस्तो सन्देश दिन पनि छिटो संसदीय दलको एकै ठाउँमा व्यवस्थापन गर्नुपर्छ।’

एमालेबाट ८० निर्वाचित र ४१ समानुपातिक गरी १ सय २१ र माओवादी केन्द्रबाट ३६ निर्वाचित र १७ समानुपातिक गरी जम्मा ५३ सांसद् रहेका छन्। महिला मन्त्रालयलाई सारेर नेकपाको कार्यालय सञ्चालन गर्न दिने संसद् सचिवालयको तयारी छ। यही कार्यालयमा नेपाली कांग्रेसलाई पनि संसदीय दलको कार्यालय राख्न दिइने छ र सम्भव भएसम्म अरू पार्टीका संसदीय दलका कार्यालय पनि यही रहनेछन्।

सबै दललाई कार्यालय नपुगे अहिले भएको कांग्रेस र एमाले दलको कार्यालयमा अरूलाई राखिनेछ। कांग्रेसमा ६३, राष्ट्रिय जनता पार्टी (राजपा) मा १७ र संघीय समाजवादी फोरम नेपालमा १६ सांसद छन्। ४ दलका १/१ जना सांसदले प्रतिनिधिसभाको निर्वाचन जितेका छन्। हुम्लाबाट स्वतन्त्र सांसद् छक्कबहादुर लामाले जित्नुभएको छ। संघीय संसद्का प्रवक्ता डा. भरतराज गौतमले राष्ट्रिय मान्यता नपाए पनि सचिवालयले संसदीय दलको गतिविधि सञ्चालनका लागि स्वतन्त्र सांसदलाई पनि कार्यालय दिएको बताउनुभयो।